आज मिति २०८०।०८।२६ गते ~~बुधबारका~~ मंगलबार(बा दिन दिनको १०:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को नवौ बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिष कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | — |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | — |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | — |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| श्याम पुर्जा | आमन्त्रीत सदस्य (वडा नं. ४ का.वा. अध्यक्ष) | |
| पुष्पा बरुवाल बानिया | आमन्त्रीत सदस्य (वडा नं ६ का.वा. अध्यक्ष) | |

अन्य उपस्थिति :

१) रमेश थापा, सू.प्र.अ.

२) प्रेम पराजुली, वरिष्ठ जोवा सहायक

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०८०।०८।२६ गते

समय : दिनको १०:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८०।०८।२० गते

<u>मिति २०८०।०८।२६ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु</u>

प्रस्ताव नं. १ पूर्व निर्णयहरुको समीक्षा,
प्रस्ताव नं. २ सडक बोर्ड नेपालमा कार्यक्रम स्वीकृतिका लागि पेश गर्ने सम्बन्धमा,
प्रस्ताव नं. ३ FRA Indicator अनुसारको कागजात प्रमाणित सम्बन्धमा,
प्रस्ताव नं. ४ Mountain Engergy Nepal Ltd को बंकर प्रयोग सम्बन्धी प्राप्त पत्र सम्बन्धमा,
प्रस्ताव नं. ५ बालश्रम मुक्त स्थानीय तह निर्माणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा
प्रस्ताव नं. ६ मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कोष सम्बन्धमा,
प्रस्ताव नं. ७ संघीय विशेष/समपुरक अनुदान सम्बन्धमा
प्रस्ताव नं. ८ विविध ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं १ :

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिकाको पूर्व निर्णयहरुको समीक्षा गर्दा बेनी जोमसोम सडक आयोजनासंग तपसिलको विषयमा समन्वय गर्न तुरुन्त बैठक बस्नुपर्ने देखियो ।

तपसिल :

१) नौनीवगरभिर कटान
२) तातोपानी कुण्डको ROW / बाटो
३) भुरुङ स्वास्थ्य चौकी जाने मोटरबाटो व्यवस्थापन गर्ने विषय
४) कालिगण्डकी मोटरेवल पूलको टेन्डर प्रकृया ताकेता
५) कालिगण्डकी डाइभर्सन ( विपद व्यवस्थापन)

निर्णय नं २:

प्रस्ताव नं २ उपर छलफल गर्दा सडक बोर्ड नेपालको प.स. २०८०।८१, च.न. ४६८, मिति २०८०।०८।०१ को आ.व. २०८०।८१ को बजेट तथा कार्यक्रम स्वीकृत गरी पठाउने पत्र समन्वय पत्र सम्बन्धमा गाउँसभामा उक्त कार्यक्रमको लागि बजेट विनियोजन गरी कार्यक्रम स्वीकृतिको लागि पेश गर्ने।

निर्णय नं ३:

प्रस्ताव नं ३ उपर छलफल गर्दा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि अनुसार पुष्टी गर्नुपर्ने मूल्याङ्कनका सूचकका तपसिलका विवरणहरु प्रमाणित गर्ने ।

क) वैदेशिक सहायतामा सञ्चालित कार्यक्रमहरु नेपाल सरकारको स्वीकृति लिएर मात्र सञ्चालन गर्नुपर्ने प्रावधान रहेकोमा हालसम्म वैदेशिक सहायता लिने कार्य नभएको ।
ख) बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संघ र प्रदेशबाट प्राप्त मार्गदर्शनको पालना भएको।
ग) स्थानीय तहले कुनै पनि ऋण नलिएको ।
घ) उपभोक्ता समितिले जिम्मा लिएको कार्यहरू उपभोक्ता समितले ठेकेदारलाई ठेक्कामा दिने नगरेको।
ङ) २० हजार रुपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ति, संस्था, फर्म वा कम्पनीबाट मात्र खरिद गर्ने गरिएको ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

च) उपभोक्ता समितिबाट हुने कार्यमा स्थानीय उपभोक्ताहरूले परियोजना लागतको सभाबाट तोकिए बमोजिमको न्यूनतम लागत सहभागिता जुटाउने गरेको ।

छ) निर्वाचित पदाधिकारीलाई प्रदेश कानुन बमोजिम मात्र सुविधा दिइएको ।

ज) नेपाल सरकारबाट स्वीकृत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) कार्यान्वयनमा ल्याएको ।

झ) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख राखी सभालाई समेत जानकारी गराएको ।

ञ) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएका सुझाव कार्यान्वयन भएको।

**निर्णय नं ४:**

प्रस्ताव नं ४ उपर छलफल गर्दा Mountain Energy Nepal Ltd को मिति २०८०।०८।२० को बंकर प्रयोग सम्बन्धी पत्रमा उक्त स्थानमा बनेको संरचना सार्वजनिक स्थलमा बनेको संरचना भएको कारणले कार्यपालिकाको मिति २०८०।०८।०६ गतेको निर्णय अनुसार नै गर्ने सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्मलाई नै प्रयोग गर्न दिने ।

**निर्णय नं ५:**

प्रस्ताव नं ५ उपर छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासनम मन्त्रालय ( स्थानीय तह समन्वय शाखा) को च.न. २०६, मिति २०८०।०८।१० को पत्रसाथ प्राप्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (बाल श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा)को प.स.२०८०।८१, चलानी नं. ३२, मिति २०८०।०८।१० को पत्रानुसार बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न आवश्यक पूर्व तयारी गरी प्रस्ताव पेश गर्ने ।

**निर्णय नं ६:**

प्रस्ताव नं ६ उपर छलफल गर्दा गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय बाट मिति २०८०।०८।२३ गते प्रथम पटक प्रकाशित अवधारणा पेश गर्ने सम्बन्धी सूचना अनुसार चालु आ.व. २०८०।८१ को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनको लागि मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनको कार्यविधि, २०७९ अनुसार आर्थिक विकासको कार्यक्रम सम्बन्धी प्रस्ताव पत्र तयार गरि पेश गर्ने । सो को कार्यान्वयनका लागि तपसिलको बमोजिमको समिति गर्ने ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

क) भारत कुमार पुन, अध्यक्ष - संयोजक

ख) दिवा कुमारी तिलिजा, उपाध्यक्ष — सदस्य

ग) अमृत सुवेदी, प्र.प्र.अ- सदस्य

घ) आशा गुरुङ, कार्यपालिका सदस्य — सदस्य

ङ) खम बहादुर गर्बुजा, आर्थिक विकास समितको संयोजक — सदस्य

च) रमेश थापा, सू.प्र.अ. - सदस्य

निर्णय नं ७: ,

प्रस्ताव न. ७ उपर छलफल गर्दा आ.व. २०८१।८२ को संघीय विशेष/समपुरक अनुदानको सम्बन्धमा वडा कार्यालयले आयोजना प्रस्ताव गरी ल्याउने र आगामी कार्यपालिका बैठकमा छलफल गर्ने ।

प्रस्ताव नं.८:

प्रस्ताव नं ८ विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

क) रातोपानी कुण्डको व्यवस्थापनको लागि सामग्री मागको सम्बन्धमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने ।

ख) चालु आ.व.मा संघीय सरकारबाट विशेष अनुदान प्राप्त रुप्से झरनामा पूर्वाधार निर्माण आयोजना, संघीय सरकारबाट नै समपुरक अनुदान प्राप्त सेकार्कु कुण्ड पर्यटन पुर्वाधार आयोजना तथा प्रदेश सरकारबाट विशेष अनुदान प्राप्त दाना स्वास्थ्य चौकी निर्माण आयोजनाहरुलाई कार्यान्वयन जटिलताले गर्दा प्रारम्भिक अध्ययन गरी प्रतिवेदन पेश हुन आएकोमा प्राविधिक अध्ययन गराउनुपर्ने भएकाले परामर्श सेवा सम्बन्धित शीर्षकबाट व्ययभार हुने गरी पहिलो प्राथमिकतामा राखी परामर्श सेवा मार्फत अगाडी बढाउने ।

ग) आर्थिक ऐन २०८० को अनुसुची-१० मा तातोपानी क्षेत्रको मासिक बहाल विटौरी कर रु २५००/- तोकिएकोमा राजश्व परामर्श समितिको परामर्श अनुसार मासिक रु २,०००/- बनाउने ।

घ) ४ नं वडा कार्यालय नारच्याङको प.स. २०८०।८१ , चलानी नं २८८, मिति २०८०।०८।२५ को पत्रानुसार वडा नं ४ निवासी तर बहादुर फगामीको छोरा २५ बर्षीय दिपेन फगामीलाई उपचारको लागि रु ५०,०००/- आर्थिक सहयोग गर्ने ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत